# मानसिक स्वास्थ्यको क्षेत्रमा अनुसन्धानकर्ता, सेवाग्राही तथा स्याहारकर्ताहरुको क्षमता अभिवृद्धिको लेखाजोखा

मानसिक स्वास्थ्य क्षेत्रका उपलब्धिहरुलाई प्रवर्द्धन गर्नका लागि सेवाग्राही तथा उनीहरुको स्याहारकर्ता, स्वास्थ्यकर्मी र नीति निर्माताहरुलाई संलग्न गराउने रणनीति सर्वव्यापी रुपमा बढ्दो छ । यसलाई कैयौं विकसित मुलुकहरुको मानसिक स्वास्थ्य नीतिमा समावेश गरिएको छ तर कम तथा मध्यम आय भएका मुलुकहरुमा यो प्रयोग भएको पाइँदैन । नेपालको मानसिक स्वास्थ्य प्रणाली सुदृढीकरण प्रक्रियामा सेवाग्राही तथा स्याहारकर्ताहरुको सहभागिताको अवस्थाको जानकारी न्यून रहेको छ ।

ईमिरल्ड परियोजना मुख्य तीन समूह; (क) सेवाग्राही तथा स्याहारकर्ता (ख) अनुसन्धानकर्ताहरुको क्षमता अभिवृद्धिमा केन्द्रित छ । सेवाग्राही तथा स्याहारकर्ताहरुका लागि दुई दिनको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो भने अनुसन्धानकर्ताहरुको लागि मानसिक स्वास्थ्य प्रणाली, कार्यान्वयन विज्ञान, स्वास्थ्य वित्तिय प्रणाली, तथा सेवाग्राही र स्याहारकर्ताको संलग्नता सम्बन्धि अनुसन्धानको विषयमा छोटो अवधिको तालिम सञ्चालन गरिएको थियो ।

यस क्षमता अभिवृद्धि तालिमका सहभागी सेवाग्राही तथा स्याहारकर्ताहरुले नीति निर्माण तथा स्वास्थ्य प्रणालीको अरु क्षेत्रमा सीमित संलग्नता मात्र भएको कुरा बताए । तसर्थ, सेवा निर्माण तथा योजना, अनुगमन र अनुसन्धानमा सेवाग्राही तथा स्याहारकर्ताहरुको संलग्नता बढाउन उनीहरुको सशक्तिकरण गर्नुपर्ने कुरा बताए । सेवाग्राहीहरुको अधिकारको बारेमा जानकारीहरु सहयोगी रहेको सहभागीहरुले बताए र तालिम

## उपलब्धिहरु

- ✓ काठमाण्डौंमा सञ्चालित क्षमता अभिवृद्धि तालिममा २८ सेवाग्राही साथै उनीहरुको स्याहारकर्ता र चितवनमा ४३ सेवाग्राही साथै उनीहरुको स्याहारकर्ताको संलग्नता ।
- ✓ काठमाण्डौंमा २४ जना अनुसन्धानकर्ता र चितवनमा १७ अनुसन्धानर्ताहरुलाई तालिम प्रदान गरिएको थियो ।
- ✓ ईमिरल्ड परियोजनाको क्षमता अभिवृद्धि स्वरुप दुई विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको थियो ।
- ✓ त्यस तालिमका आधारमा तालिम पुस्तिका तयार पारिएको थियो ।




EMERALD is funded by the European Union within the 7th Framework Programme

पश्चात् धेरै सहभागीहरुले मानसिक स्वास्थ्य प्रणालीलाई बढावा दिन सेवाग्राही तथा स्याहारकर्ताहरुको समूह बनाई मानसिक स्वास्थ्यको वकालत गर्नुपर्ने कुरा बताए। यसैगरी, अनुसन्धानकर्ताहरु बीच गरिएको क्षमता अभिवृद्धि तालिममा अनुसन्धानकर्ताहरुले नेपालमा मानसिक स्वास्थ्यको क्षेत्रमा पर्याप्त अध्ययन अनुसन्धान नभएको व्यक्त गरे। तालिमको पाठ्यक्रम राम्रो रहेको र मानसिक स्वास्थ्य सम्बन्धि अध्ययन सञ्चालन गर्न तालिमले आवश्यक विषयवस्तु समेटेको सहभागीहरुले बताए।

For Further Information: TPO Nepal, Baluwatar, Kathmandu, Nepal tponepal.org tponepal@tponepal.org.np
+977-01-4431717/4437124/4424082. Emerald Website: http://www.emerald-project.eu